# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८१/१०/०३

बैठक संख्या: ५३

समय: बिहान११:०० बजे।

छलफल र निर्णय

१. आजको बैठकमा पहिलो सत्र अन्तर्गत प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्ने बनेको विधेयकमा समितिका माननीय सदस्य एवं विषय विज्ञ श्री शेषमणी दाहाल, श्री भरत कुमार लकाई एवं श्री परिवर्तन राईसँग छलफल भयो।

२. बैठकको दोस्रोसत्रमा अब आगामी दिनमा विधेयक छलफल कसरी अगाडी बढाउने विषयमा माननीय सदस्यहरुबिच आन्तरिक छलफल अनुसार देहाय बमोजिमको निर्णय भयो

क. विधेयक उपर छलफल आगाडी बढाउनु पूर्व मिति २०८१ माघ ११ गते देखि १६ गते सम्म नेपालको पूर्व र पश्चिमको दक्षिणतर्फका भन्सार कार्यालयहरुको स्थलगत निरिक्षण अध्ययन अनुगमन गर्ने ।

ख. अनुगमन भ्रमणको उद्देश्य देहाय बमोजिम रहने छ ।

i. मुख्य भन्सार कार्यालय र छोटी भन्सार कार्यालयको वर्तमान वस्तुस्थितिको अध्ययन,

ii. मुख्य भन्सार कार्यालय र छोटी भन्सार कार्यालयले कार्यसम्पादन गर्दा व्यहोर्नु परेका नीतिगत र व्यवहारिकसमस्यार समाधानका सम्भावित उपायहरूकोपहिचान,

iii. भन्सार कार्यालयका सेवाग्राहीहरुले व्यहोरेका समस्या र समाधानका उपायका साथै भन्सार विधेयकका सम्बन्धमा सरोकारवालासँग छलफल।

३. टोलीमा माननीय सदस्यहरु र सचिवालयबाट दुई जना कर्मचारी सहभागी हुने। सो टोलीले पूर्वमा रहेकाविराटनगर (रानी) भन्सार कार्यालय, मोरङ,जनकपुर भन्सार कार्यालय, धनुषा, वीरगञ्ज भन्सार कार्यालय पर्सा र वीरगञ्ज सुख्खा बन्दरगाह पर्सा र पश्चिममा रहेका नेपालगञ्ज भन्सार कार्यालय, बाँके र भैहरवा भन्सार कार्यालय रुपन्देही मा स्थलगत अनुगमनका साथै सो भन्सार कार्यालय र सरोकारवालासँग अन्तर्क्रिया कार्यक्रम गर्ने।

४. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने।

.................. ..................
रेखा उपाध्याय खनाल
समित सचिव

.................. ..................
सन्तोष चालिसे
सभापति